# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड ३ बुटवल, माघ २४ गते, २०७६ साल संख्या १६**

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७४ (पहिलो संशोधन), २०७६

१. नियम २ (घ) मा "कार्यकारी अधिकृत " भन्ने व्यवस्थाको ठाउँमा **"प्रमुख प्रशासकीय अधिकृत"** भन्ने वाक्यांश राखिएको ।

२. नियम २ (च) मा "टोल विकास संस्था" भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका उप महानगरपालिका वडा न. १ देखि १३ सम्मको हकमा कम्तीमा १०० घरधुरी तथा वडा नं १४ देखि १९ को हकमा कम्तीमा १०० घरधुरी एबं बढीमा ५०० घर धुरी परिवार समेटी "एक परिवार एक सदस्य" को अवधारणामा गठन भइ बुटवल उपमहानगरपालिकामा दर्ता भएको सामुदायिक संस्थालाई जनाउने छ । भन्ने व्यवस्थाको ठाउँमा **"टोल विकास संस्था" भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका उप महानगरपालिका वडा न. १ देखि १३ सम्मको हकमा कम्तीमा १०० घरधुरीसम्म र वडा नं १४ देखि १९ सम्मको हकमा कम्तीमा ५० घरधुरी सम्म समेटिएर "एक परिवार एक सदस्य" को अवधारणामा गठन गरी अनुसूची १ बमोजिमको ढाँचामा संस्थाबाट पास भएको विधान सहित बुटवल उप महानगरपालिकामा दर्ता भइ अनुसूची २ बमोजिमको प्रमाणपत्र जारी भएको सामुदायिक संस्थालाई टोल विकास संस्था भनिनेछ ।** भन्ने वाक्यांश थप गरिएको ।

३. नियम २(झ) थप गरी **टोल विकास संस्थाको कार्यकाल ३ बर्षको हुनेछ ।** भन्ने वाक्यांश थप गरिएको ।

४. नियम ४ मा

(घ) जेष्ठ नागरिक मंचको वडा संयोजक - सदस्य

(ङ) बाल क्लबको वडा संयोजक - सदस्य

(च) सम्बन्धित वडा कार्यालयको सचिव - सदस्य

भन्ने व्यवस्थाको ठाउँमा **नियम ४ को (घ) , (ङ) र (च) को व्यवस्था खारेज गरिएको ।**

## अनुसुची १

(टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालान समबन्धी निर्देशिका, २०७४ को नियम २ (च) सँग सम्बन्धीत)

**..........टोल विकास संस्थाको विधान**

**प्रस्तावना:**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकत्तम परिचालन गरी सामाजिक अन्तर सम्बन्धलाई सुदृढिकरण गर्न नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनिरणका प्रयासमा ठोस योगदान पूऱ्याउन शहरी समाज परिचालन प्रक्रिया मार्फत समूदायको आर्थिक, सामाजिक, सांष्कृतिक, भौतिक, मानविय तथा संस्थागत विकासका लागि तोकिएको भौगोलिक क्षेत्र भित्र वसोवास भएको एक घर एक सदस्यको अवधारणामा आधारित टोलका बासिन्दा संगठित भई नगरको समग्र विकास कार्यमा सहयोग गर्नका लागि वडा भन्दा तल्लो निकायको रुपमा स्थापना भई वडा र नगरको सहयोगको लागि गठन भएका टोल विकास संस्थाहरु संचालन तथा व्यवस्थापन गर्न वान्छनिय भएकोले यो विधान वनाइएको छ ।

## परिच्छेद १

**१. प्रारम्भिक**

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

क. यो विधान बूटवल उपमहानगरपालिका वडा नं.....स्थित........ टोल विकास संस्थाको विधान हूनेछ ।

ख. यो विधान बूटवल उप-महानगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हूनेछ ।

ग. संस्थाको कार्यालय टोल विकास संस्थाले निर्णय गरी तोकेको ठाउंमा रहनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

१) “संस्था” भन्नाले बूटवल उप-महानगरपालिका भित्र यसै विधान बमोजिम गठन भई बूटवल उपमहानगरपालिका कार्यालयमा सूचिकृत भएको टोल विकास संस्था वा टोल विकास समितिलाई बूझ्नू पर्दछ ।

२) “विधान” भन्नाले टोल विकास संस्थाको बिधान २०७६ लाई जनाउनेछ ।

३) “साधारण सभा” भन्नाले संस्थाका सम्पूर्ण साधारण सदस्यरुको भेलालाई सम्झनू पर्दछ ।

४) “समिति”भन्नाले टोल विकास संस्थाको कार्यसमितिलाई सम्झनू पर्दछ ।

५) “वैठक” भन्नाले संस्थाको कार्य समिति/उपसमितिहरुको वैठकलाई सम्झनूपर्दछ ।

६) “कार्यगत समुह” भन्नाले साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र विभिन्न कार्य गर्न निर्मित समूहहरुलाई सम्झनू पर्दछ ।

७) "पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष, सहसचिव र सदस्यहरुलाई जनाउँदछ ।

८) "उपसमिति" भन्नाले कूनै निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उप समिति सम्झनू पर्छ ।

९) "बचत" भन्नाले साधारण सदस्यहरुबाट नियमित रुपमा पछि फिर्ता हूने गरी संचय गरेको पैसालाई सम्झनू पर्छ ।

९) "बचतकर्ता" भन्नाले साधारण सदस्यहरु मध्ये बचत गर्ने सदस्यलाई जनाउँदछ ।

१०)"ऋण" भन्नाले एकमूष्ट वा किश्ता बन्दिका रुपमा फिर्ता बूझाउने गरी निश्चित अवधि र उद्देश्य प्राप्तिका लागि प्रदान गरेको रकमलाई जनाउँदछ ।

११) तोकिए वा तोकिए बमोजिम भन्नाले संस्थाले समय समयमा गरेको निर्णय बमोजिम निर्धारित कार्यविधि वा यस विधान अन्तर्गत बनाईएका नियमावली वा विनिमयमा उल्लेखित कूराहरुलाई जनाउँदछ ।

१२) स्थानीय तह भन्नाले बूटवल उप-महानगरपालिकालाई जनाउंछ ।

**३. संगठित संस्था:**

१) संस्था तथा यस अन्तर्गत कार्यगत समूह अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हूनेछ ।

२) संस्थाको आ-आफ्नो छुट्टै छाप र लेटरप्याड हूनेछ ।

३) संस्था तथा कार्यगत समूहले ब्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न वा कूनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

४) संस्था वा कार्यगत समुहले ब्यक्ति सरह आ-आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद २

**४. टोल विकास संस्थाका विशेषताहरु:**

१. विकेन्द्रीकरण संरचना, गैर राजनैतिक,
२. साझा उद्देश्य प्राप्तिका लागि एकतावद्ध,
३. निश्चित प्रक्रिया र कार्यविधिद्वारा गठन र परिचालन,
४. स्थानीय तहमा सुचिकृत,
५. सार्वजनिक निकायवाट प्रदान गरिने सेवा प्रवाह र विकास निर्माण कार्यमा साझेदारी र सहकार्य,
६. एक घर एक परिवारवाट एक सदस्यको अवधारणामा आधारित,
७. स्थानीय श्रोत साधन, सीपको उपयोगमा जोड,
८. समूदायको सामाजिक, आर्थिक,सांष्कृतिक र मानवीय विकासको लागि कार्य,
९. निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सवै सदस्यहरुको समान प्रतिनिधित्व ,
१०. स्थायित्व तथा दीगोपन,
११. सामाजिक मान्यता, उत्तरदायित्व, जिम्मेवारीपन र पारदर्शिता,
१२. सामाजिक समावेशीकरण,
१३. समन्वय, सहकार्य र अन्तरसम्वन्ध,
१४. प्रजातान्त्रिक मुल्यमान्यता ।
१५. लैं□क न्याय,मूल्य र मान्यता ।

**५.संस्थाको उद्देश्य:**

१) समूदाय स्तरमा सक्षम र दिगो संस्थाको विकास गर्ने ।

२) समूदायको सामाजिक आर्थिक, भौतिक र मानवीय विकास सम्वन्धी कार्यक्रम संचालन गरी गरिवी न्यूनिकरणमा मद्धत पूर्‍याउने ।

३) स्थानीय स्तरको विकास निर्माण प्रकृयालाई दीगो र आत्म निर्भर वनाउन, समूदायको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम कार्यान्वयनमा सहयोग पूर्‍याउने ।

४) समूदायलाई उप महानगरपालिकाको योजना तर्जूमा, छनोट कार्यान्वयन, अनूगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी वनाउने ।

५) सस्थाका सदस्यहरुको आर्थिक सशक्तीकरणका लागि संकलन गरिने बचतलाई अधिक सदस्यहरु लाभान्वित हून सक्ने वातावरण वनाउनका लागि बचतकोष परिचालन कार्यक्रम संचालन गर्ने,

६) स्थानीय रुपमा उपलव्ध श्रम, सीप, साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्न सहयोग पूऱ्याउने

७) सामाजिक विभेद, सामाजिक सूरक्षा, समतामुलक समाज, सामाजिक न्याय, सूशासन प्रवर्द्धन गर्न सहयोग गर्ने ।

८) समूदायमा सरसफाई, वातावरण संरक्षण, निरक्षरता उन्मूलन, विकृति र विसंगती न्युनिकरण गर्न समूदायलाई अग्रसर गराउने ।

९) माहामारी, प्रकोप, HIV/AIDS, लागू पदार्थ दूर्व्यसन, चेलीवेटी वेचविखन,महिला हिंसा तथा वालश्रम आदि नियन्त्रण तथा रोकथाम गर्न समूदायलाई अग्रसर गराउने।

१०) सार्वजनिक महत्वका विषयहरु जस्तै सामूदायिक भवन, सार्वजनिक जग्गा, मठमन्दिर, गूम्वा चर्च, मस्जिद, विद्यालय आदिको संरक्षण तथा सम्वर्द्धन गर्न अग्रसर गराउने ।

११) बूटवल उप-महानगरपालिकाको दृष्टिकोण, लक्ष्य तथा कार्यक्रम अनूसार समूदायमा संचालन गरीने हरेक गतिविधीमा साथ सहयोग दिने ।

**६. टोल विकास संस्थाका कार्यहरु:**

१. टोल विकास संस्थाहरु मुलत: टोल वासिहरु र उप-महानगरपालिका प्रति उत्तरदायी हूनेछन् ।

२. टोल विकास संस्थाहरु बूटवल उप-महनगरपालिकामा सूचिकृत भएको हूनूपर्नेछ ।

३. टोल विकास संस्थाको वैठक मासिक रुपमा नियमित वस्नूपर्नेछ । वैठकमा गणपूरक संख्या ५१% रहनेछ ।

४. सदस्यहरुवाट नियमित रुपमा वचत संकलन तथा परिचालन गर्न सकिने छ ।

५. संस्थाले सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आफ्नो स्व-लगानी तथा विभिन्न सहकारी तथा वित्तीय संस्थाहरुसंग सम्वन्वय गरी उद्यम संचालन गर्न आवश्यक ऋण तथा तालिमको लागि समन्वय गर्नेछ ।

६. टोल विकास संस्थाले सदस्यहरुलाई राहत हूने सामाजिक तथा आर्थिक विकासका कृयाकलापहरु सहभागितात्मक ढंगवाट संचालन गर्नूपर्नेछ ।

७. टोल विकास संस्थाको वैठकमा विषयहरु प्रस्तूत गर्ने र सवै विषयहरुमा छलफल गरी सर्वसम्मत निर्णय गर्ने प्रयास गर्नूपर्नेछ । निर्णय प्रक्रिया पारदर्शी र मजबूत हूनूपर्नेछ ।

८. संस्थाले सदस्यहरुको हित, व्यक्तित्व विकास, क्षमता अभिवृद्धि, आर्थिक सशक्तिकरण र संस्थाको संस्थागत विकासका लागि संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई समयानूकूल तालिम, प्रविधि तथा सीप विकासका लागि सम्वन्धित निकायसंग समन्वय र सहयोग लिन सक्नेछ ।

९. समूदायमा रहेका महिला वालवालिका, पिछडीएका वर्ग, विपन्न, दलित, मधेसी, मूश्लिम, जनजातीहरुको विकासको लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्नूपर्नेछ ।

१०. टोलमा आइपर्ने समस्या तथा चूनौतिहरुको समाधान गर्न एक अर्काको सहयोग लिइनेछ ।
११. न.पा.को सहभागितात्मक योजना तर्जूमा पद्वतिलाई सहयोग गर्नू पर्नेछ ।
१२. वार्षिक रुपमा टोलविकास संस्थाको घरधूरी सर्वेक्षण अद्यावधिक अभिलेख राख्नूपर्नेछ ।
१३. नगरपालिकाको अवधारणा वमोजिम टोल विकास संस्थाले आफ्नो टोलको दीर्घकालिन विकासको अवधारणा, निर्माण गर्न सक्नेछ ।
१४. टोल विकास संस्थाले विविध क्रियाकलापहरु संचालन गर्न विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।
१५. वडास्तरीय टोल विकास संस्था समन्वय समिति तथा नगर स्तरीय टोल विकास संस्था समन्वय समितिवाट भए गरेका निर्णयहरु टोल विकास संस्थाले कार्यान्वयन गर्नूपर्नेछ ।
१६. टोल विकास संस्थाले प्रत्येक निर्णयको प्रतिलिपि वडा स्तरीय टोल विकास संस्था समन्वय समितिको वैठकमा पेश गर्नूपर्नेछ ।
१७. टोल विकास संस्थाले वडा समितिको सहयोगी संस्थाको रुपमा कार्यगर्नूपर्नेछ ।
१८. नगरपालिकावाट टोल विकास संस्थाले सिफारिस गर्नूभनि निर्णय गरेका विभिन्न विषयमा तोकिएको परिधि भित्र रही सिफारिस दिनूपर्नेछ ।
१९. टोल विकास संस्थाको क्षेत्रा भित्र पर्ने स्थानीय श्रोत साधनहरु आदि उपयोग गर्नूपरेमा उप.म.न.पा.वाट अनूमति लिनूपर्नेछ ।
२०. टोल विकास संस्थाले वचत तथा ऋण परिचालन सम्वन्धी आवश्यक विनियमावली वनाई लागू गर्न सक्नेछ ।
२१. वडा समिति, समन्वय समिति र उ.म.न.पा.ले दिएका निर्देशनहरु पालना गर्नूपर्नेछ ।
२२. वडामा संचालन हूने कार्यक्रममा सहकार्य र समन्वय गरी आफ्नो टोलका समूदायका सदस्यहरुलाई सहभागी गराउनूपर्नेछ ।

## परिच्छेद ३

### ७. टोल विकास संस्थाको गठन एवं कार्य संचालन विधि:

१. निश्चित भौगोलिक क्षेत्रको सिमाना भित्र वसोवास गर्ने बूटवल उप महानगरपालिका वडा न. १ देखि १३ सम्ममा कम्तिमा १०० देखि बढिमा ३०० घरधूरीसम्म तथा वडा न. १४ देखि १९ सम्ममा कम्तिमा ५० देखि बढिमा १०० घरधूरीसम्म को एक टोल विकास संस्था गठन गरिनेछ ।
२. टोल विकास संस्था गठन गर्नका लागि तोकिएको भौगोलिक क्षेत्रभित्र वसोवास गर्ने घरधूरीको नामावली सहित कम्तीमा ५ जना व्यक्तिले उप.म.न.पा.मा निवेदन प्रस्ताव पेश गर्न सक्नेछन् । निवेदन पेश गर्ने व्यक्तिहरुलाई उक्त क्षेत्र भित्र रहेका टोल वासीहरुलाई खवर गर्न र भेला आयोजना गर्न उप.म.न.पा. ले जिम्मेवारी प्रदान गर्नेछ । उक्त भेलामा उप.म.न.पा.को प्रतिनिधिको उपस्थिती रहनेछ ।
३. टोल विकास संस्था नयां गठन गर्दा उक्त सिमाना भित्र पर्ने घरधूरीहरु मध्ये कम्तीमा ८०% को उपस्थितीमा सम्भव भएसम्म सर्वसम्मत निर्णयको आधारमा समिति गठन गरिने छ ।

४.टोल विकास संस्थाको समितिमा बढीमा ११ सदस्यीय कार्यसमिति गठन गरिनेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव र वांकी बढीमा ६ जना सदस्यहरु रहनेछन् ।

५.टोल समितिको कार्यकाल ३ वर्षको हूनेछ ।

६.समितिको वार्षिक रुपमा साधारणसभा, लेखापरीक्षण तथा हरेक ३/३ वर्षमा अधिवेशन गर्नूपर्नेछ ।

७.संस्थाको नामाकरण वडा भित्र अन्य टोल विकास संस्थासंग नदोहोरिने गरी सहमतिको आधारमा निर्णय गरी राख्नूपर्नेछ । नामाकरण गर्दा व्यक्तिको नाम, थरवाट राखिनू हूदैन ।

८.समितिका पदाधिकारीहरु चयन गर्दा दक्षता र क्षमताको आधारमा समावेशी गराउन पहल गर्नूपर्नेछ

९.टोल विकास संस्थाको अध्यक्ष, वडा स्तरीय टोल विकास सस्था समन्वय समितिको पदेन सदस्य हूनेछ ।

१०. संस्थाको वैठक सदस्यहरुले तयगरी पायक पर्ने स्थान, समय र मितिमा राख्न सकिनेछ ।

११.वडा स्तरीय समन्वय समितिको वैठकमा टोल विकास संस्थाकोतर्फबाट विषयहरु सहित उपस्थित हूनूपर्नेछ ।

१२. टोल क्षेत्र भित्रका एक घर एक सदस्यको हिसावले संस्थाका साधारण सदस्य हूनेछन् ।

१३. संस्थाको पदाधिकारीमा बूटवल उप महानगरपालिकामा कार्यरत कर्मचारीहरु रहन सक्ने छैन तर कर्मचारीको परिवारलाई भने पदमा रहन वाधा पू-याएको मानिने छैन।

**८.सदस्यता:**

१. संस्थाको विधान वमोजिम संस्थाको उद्देश्य, कार्य प्रति श्रद्धा र निष्ठा राखी जिम्मेवारी र उत्तरदायित्व वहन गर्न स्वीकार गर्ने वयस्क नेपाली नागरिक यस संस्थाको सदस्य हूनेछ ।

२.संस्थाले तोकिएको भौगोलिक सिमाना भित्रको वसोवास गरेको एक घर एक सदस्यको आधारमा सवै घरधूरीवाट संस्थाको सदस्य रहनेछन् ।

३.टोल क्षेत्रभित्र वसोवास गर्न आउने नयां घर परिवारवाट सदस्य वन्न सम्वन्धित व्यक्तिले संस्थामा निवेदन दिनूपर्नेछ । सस्थाको निर्णयमा निजलाई सदस्यता प्रदान गरिनेछ ।

४.एक घरवाट एक जना भन्दा वढी सदस्य रहन पाइने छैन । सामान्यतया घरमूली/घरधनी संस्थाको सदस्य हूनेछ ।

५.एउटा टोल संस्थामा सदस्य भएको व्यक्ति अर्को टोल सस्थाको सदस्य हून पाइने छैन । तर फरक दूई टोल विकास समितिको भौगोलिक क्षेत्र भित्र घर भएमा भने दूवै तर्फ सदस्य रहन वाधा पर्ने छैन ।

**९.सदस्यता नरहने :**

१. सदस्यको मृत्यू भएमा र निजको घरधूरीमा अरु कोही पनि अधिकारवाला नभएमा,

२. सदस्यले सस्थाको सिमाना भित्रवाट स्थायी रुपमा वसाई सरी अन्यत्र गएमा,

३. सस्थालाई हानी नोक्सानी हूने कूनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यवाट हटाउने निर्णय गरेमा ।तर सम्वन्धित सदस्यलाई सफाई दिने अवसरवाट

वन्चित गर्न पाइने छैन ।यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हूनेछ ।

## परिच्छेद ४

**१०. संस्थाको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:**

**क. अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष संस्थाको प्रमूख हून्छन् । टोल विकास संस्थालाई व्यवस्थित र प्रभावकारी रुपले परिचालन गर्ने भन्ने सम्वन्धमा सस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न वमोजिम हूर्नेछ :

१. संस्थको नियमित वैठक वोलाउने,
२. वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने,
३. वैठकको लागि मिति, समय र स्थानको निर्णय गर्न सवै कार्य समिति पदाधिकारीहरुको सहमति लिनूपर्ने ।
४. वैठकमा अनूशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,
५. विषयगत छलफल गर्दा सवैको विचार बूझी सर्वसम्मत निर्णय गर्न पहल गर्ने, निर्णय प्रक्रियामा अल्पमत र वहूमत पक्ष विभाजन नगर्ने ।
६. वैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।
७. सचिव र कोषाध्यक्षलाई आवश्यकता अनूसार सहयोग पूऱ्याउने ।
८. आवश्यक कार्य तथा वैठक, कार्यक्रमहरुमा संस्थाको तर्फवाट प्रनिनिधित्व गर्ने ।
९. समूदायको सामाजिक, आर्थिक, मानवीय तथा भौतिक पूर्वाधार विकास कार्यमा सवैलाई समेटेर अर्थपूर्ण सहभागिता गराउन नेतृत्व प्रदान गर्ने ।
१०. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी समानको आवश्यक सूरक्षाको प्रवन्ध मिलाउने।
११. समूदायको विकासको लागि अन्य सहयोगी निकायहरुसंग सहकार्य र समन्वय राख्ने ।
१२. उप-महानगरपालिका तथा अन्य सरकारी, गैरसरकारी संघसंस्थावाट प्रदान गर्ने सेवा सूविधाहरु टोल स्तरवाट प्राप्त गर्न सक्ने प्रकृतिका भए त्यस्ता सेवासूविधाहरु प्राप्त गर्न टोल संस्थाको सदस्यहरुलाई परिचालित हूनूमा सहयोग गर्ने ।
१३. समूदायमा विपन्न महिला, वालवालिका, आदिवासी जनजाती, पिछडिएको वर्ग, भिन्न क्षमता भएका मधेसी, मूस्लिम आदिलाई विकासको मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने ।
१४. वडा स्तरीय टोल विकास संस्था समन्वय समितिको वैठकमा प्रतिनिधित्व गर्ने ।
१५. टोल संस्थाको विशेष वैठकको आवश्यकता परेमा सवै सदस्यहरुको सहमतिमा वैठक वोलाउने ।
१६. टोल विकास संस्थाले गरेका निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।
१७. वडा स्तरीय टोल विकास संस्था, नगरस्तरीय टोल विकास संस्था समन्वय समितिले गरेका निर्णयहरु पालना गर्ने तथा गर्न लगाउने ।
१८. उप म.न.पा.ले संचालन गर्ने विभिन्न क्रियाकलाप, कार्यक्रमहरुमा टोल विकास संस्थालाई परिचालन गर्न नेतृत्व गर्ने

**ख.संस्थाका उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

१. अध्यक्षको अनूपस्थितीमा कार्यवहाक अध्यक्ष भई कार्य गर्ने ।
२. संस्था भित्र तोकिएको अन्य काम गर्ने वा गराउने ।

**ग.संस्थाको सचिवको काम कर्तव्य र अधिकार:**

१. अध्यक्षको आदेशअनूसार वैठक वोलाउने ।
२. वैठक पूस्तिकामा उपस्थित गराउने, छलफलका प्रस्तावहरु पेश गर्ने, छलफल भई सर्वसम्मत भएका निर्णयलाई लिपिवद्ध निर्णय पूस्तिकामा लेखी प्रमाणित गराउने ।
३. संस्थाको क्रियाकलापको वारेमा सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउने ।
४. संस्थाले गरेको निर्णय लागू भए नभएको हेरी लागू गराउने ।
५. संस्था संचलानमा सहयोग गर्ने ।
६. टोल विकास सस्थालाई प्रभावकारी परिचालनका लागि आवश्यक नीति निर्माण गर्न तथा सो को कार्यान्वयन गर्न सहयोग गर्ने ।
७. संस्थाका अन्य पदाधिकारीलाई सहयोग गर्ने ।
८. संस्थाको आवश्यक कागजात तथा अभिलेखहरु सूरक्षित राख्ने ।

**घ. संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

१. संस्थाको आर्थिक हिसाव किताव सूरक्षित राख्ने ।
२. संस्थाको कोषवाट भए गरेको आर्थिक कारोवारको प्रतिवेदन तयार गरी लेखा राख्ने
३. संस्थाको सदस्यहरुवाट नियमित वचत सँकलन गर्ने ।
४. संकलित वचत, ऋण लगानी, असूली विविध आम्दानी तथा खर्चहरुको हिसाव कितावको अभिलेख राख्ने ।
५. संस्थाको नियमवमोजिम ऋण लगानी तथा असूली गर्ने ।
६. प्रत्येक वैठकमा कोषको हिसाव कितावको विवरण जानकारी गराउने
७. संस्थालाई आवश्यक पर्ने आर्थिक कारोवार पारदर्शी तथा प्रभावकारी वनाउन विभिन्न नीति नियमहरु वनाउने र सो नियमहरु पालना गर्न लगाउने ।
८. संस्थाको आर्थिक कारोवार वैक मार्फत गर्ने र वैंक खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने
९. संस्थाको नगद र जिन्सी समानको जिम्मा लिई सूरक्षा गर्ने
१०. संस्थाको अन्य पदाधिकारीहरुलाई सहयोग गर्ने ।
११. संस्थाको कोष वृद्धिका लागि अन्य निकायसंग समन्वय र सहकार्य गर्ने ।

**ङ. सहसचिवको काम कर्तव्य र अधिकार:**

१. सचिवको अनूपस्थतिमा कार्यवाहक सचिव भई कार्य गर्ने ।
२. संस्थाको विविध कार्यक्रमहरु संचालन गर्न सचिवलाई सहयोग गर्ने
३. संस्थाले तोकेको अन्य कार्यहरु गर्ने ।

**च. संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१. वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
२. संस्थाको निर्णयानूसार मासिक वचत समयमै जम्मा गर्ने,अरुलाई जम्मा गराउन प्रोत्साहन गर्ने ।
३. संस्थावाट ऋण लिएको भए तोकिएको नियमानूसार ऋण भूक्तान गर्ने र गर्न लगाउने ।

४. संस्थाको आर्थिक कारोवार, कोष आदिको वारेमा रुचि राख्ने तथा जांच गर्ने ।
५. आवश्यकता अनूसार संस्था संचालनका लागि नीति नियमहरु वनाउन र सो नियमहरु पालना भए /नभएको सम्वन्धमा सहयोग गर्ने ।
६. आवश्यकता अनूसार संस्थाका अन्य पदाधिकारीहरुलाई सघाउने, टोल विकास संस्था भित्र विसंगती विकृति हटाउन सहयोग गर्ने ।
७. टोल विकास सस्थाको क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सार्वजनिक जग्गा, सामूदायिक भवनको संरक्षण गर्ने कार्यमा सरिक हूने ।
८. टोल विकास सस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको निर्देशन पालना गर्ने ।
९. नगरपालिका, वडा स्तरीय टोल विकास संस्था समन्वय समितिले गरेका निर्णय तथा निर्देशनहरु पालन गर्ने ।

## परिच्छेद ५

### ११.संस्थाको वैठक र कार्य प्रणाली

#### क. नियमित मासिक वैठक

१. संस्थाको मासिक वैठक नियमित वस्नूपर्नेछ ।
२. मासिक वैठकमा कार्य समितिका पदाधिकारीहरुको अनिवार्य उपस्थिति हूनूपर्नेछ ।
३. मासिक वैठकमा संस्थाका अन्य साधारण सदस्यको उपस्थिति गराउन प्रयत्न गर्नूपर्नेछ
४. संस्थालाई आवश्यक परेको वेलामा मात्र सल्लाहकारहरुलाई आमन्त्रण गर्ने ।
५. संस्थालाई आवश्यक परेमा विशेष वैठक/आकस्मिक वैठक पनि वोलाउने ।
६. संस्थाको नियमित वैठकमा संस्थाका समस्याहरु, श्रोत साधनको उपयोग, आर्थिक हिसाव किताव, सामाजिक विकास आदिको विषयमा छलफल गर्ने ।
७. वडा स्तरीय टोल विकास संस्था समन्वय समितिको वैठकमा पेश गर्ने विषय वस्तूका वारेमा छलफल गर्ने र समन्वय समितिवाट भए गरेका निर्णयका वारेमा छलफल गर्ने ।

#### ख. साधारणसभा:

१. संस्थाको प्रत्येक वर्ष वार्षिक साधारणसभा हूनेछ ।
२. साधारण सभामा सस्थाका सम्पूर्ण कार्यसमितिका पदाधिकारी, सल्लाहकार र साधारण सदस्यहरुको कम्तीमा ६०% उपस्थिति हूनूपर्नेछ ।
३. साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्षले गर्नेछ । अध्यक्षको अनूपस्थितिमा संस्थाको उपाध्यक्षले गर्नेछ ।
४. साधारण सभामा संस्थाले अन्य छिमेकी टोल विकास संस्था, वडा स्तरीय टोल विकास संस्था समन्वय समिति, नगर स्तरीय टोल विकास संस्था समन्वय समिति, वडासमिति तथा उप-महानगरपालिका र अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।
५. संस्थाको हितलाई ध्यानमा राखी कूल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनूरोध गरेमा ३० भित्र विशेष साधारण सभा वोलाउनूपर्नेछ ।

#### ग. अधिवेशन:

१. संस्थाको अधिवेशन प्रत्येक ३ वर्षमा गर्नूपर्नेछ ।
२. उक्त अधिवेशन कार्यक्रममा टोल विकास सस्थाको नेतृत्व परिवर्तन गर्नूपर्दछ । जून सर्वसम्मती वा चूनावद्वारा गर्न सकिनेछ ।
३. संस्थाको नेतृत्व परिर्वतन गर्दा दक्षता तथा क्षमताको आधारमा समावेशी गराउने तर्फ विशेष प्राथमिकता दिनूपर्दछ ।
४. संस्थाको पदाधिकारीहरुको पदावधि लगातार ३ कार्यकाल भन्दा वढी हूने छैन ।

५. टोल विकास संस्थाको पदाधिकारीहरुको चयनका लागि एउटा निर्वाचन मण्डल गठन गर्नुपर्नेछ । जसमा संस्थाले तोकेको व्यक्तिको संयोजकत्वमा पदाधिकारीमा नवस्ने साधारण सदस्यहरुवाट ३ जनाको निर्वाचन मण्डल गठन गर्नुपर्नेछ । जसले निर्वाचनको प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

६. अधिवेशनमा संस्थाका साधारणसभाका सदस्यहरुले चाहेमा पून: अर्को कार्यकालका लागि सवै पदाधिकारीहरुलाई सर्व सम्मत निर्णय गर्न सक्ने ।

७. संस्थाले वार्षिक साधारण सभा तथा अधिवेशन गर्न कार्यसमितिको वैठकवाट निर्णय गराउनू पर्नेछ ।

८. संस्थाले तोकेको समय, मिति र स्थानमा संस्थाको साधारण सभा तथा अधिवेशन हूनेछ ।

९. संस्थालाई आवश्यकता अनूसार सल्लाह तथा सूझाव दिनका लागि सल्लाहकारको समेत गठन गर्नेछ ।

**१२.साधारणसभाको काम, कर्तव्य र अधिकार**

१. संस्थाको गत वर्षको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित गर्ने ।

२. आगामी वर्षका लागि कार्य योजना तयार गर्ने ।

३. लेखा परीक्षकको नियूक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४. संस्थामा प्राप्त भएका उजूरी, गूनासा, समस्या, चूनौतिको विषयमा छलफल गर्ने र निर्णय गर्ने ।

५. संस्थालाई प्रभावकारी रुपमा संचालन गर्न विभिन्न कार्यगत उपसमितिहरु गठन गर्ने ।

६. संस्थालाई आवश्यक पर्ने नीति, नियमहरु वनाई लागू गर्ने ।

७. कार्य समितिले निर्णय गरेका विषयहरुलाई अनूमोदन गराउने ।

८. संस्था संचालनको लागि पदाधिकारीहरुलाई प्रोत्साहन स्वरुप रकमको व्यवस्था गर्न सक्नेछ ।

९. संस्थाको विधान संशोधन गर्न बूंदा सहित सिफारिस गर्ने ।

१०. विभिन्न पदाधिकारी तथा उपसमितिहरुलाई अख्तियार प्रदान गर्ने ।

११. महत्वपूर्ण विषयमा निर्णय गर्ने ।

१२. साधारणसभावाट भए गरेका निर्णयहरुको प्रतिलिपि वडा स्तरीय टोल विकास संस्था समन्वय समिति तथा उप नगरपालिकामा पठाउने ।

## परिच्छेद ६

**१३. सिमाना , एकीकरण र विभाजन सम्वन्धी व्यवस्था:**

१. संस्थाको निश्चित भौगोलिक सिमाना निर्धारण गरिनेछ । यसरी संस्थाको सिमाना निर्धारण गर्दा सकेसम्म खोला, कूलो, वाटो वा कूनै स्पष्ट छूटिन सक्ने आधार लिनूपर्नेछ ।

२. एक टोल विकास संस्था निर्धारण गरेपश्चात छिमेकमा अन्य टोलहरुले सोही सिमानालाई आधार वनाई अर्को टोल विकास संस्था गठन गर्न सक्नेछ ।

३. टोल विकास संस्थाको सिमाना हेरफेर गर्न आवश्यक देखिएमा सिमाना हेरफेर हूने टोल विकास संस्थाको साधारणसभा वाट निर्णय गरी समूदाय परिचालक/वडा कार्यालय/वडा स्तरीय समन्वय समितिको सिफारिसमा उप म.न.पा.वाट गर्न सक्नेछ ।

४. टोल विकास संस्थाको एकीकरण सम्वन्धमा दूई वा दूई भन्दा वढी टोल विकास सस्थाहरु समायोजन भई एउटै टोल विकास संस्था गठन गर्न आवश्यक देखिएमा उक्त

संस्थाहरुको साधारण सभावाट आवश्यक निर्णय गरी समूदाय परिचालक/वडा कार्यालयको सिफारिसमा उप म.न.पा.वाट गर्न सक्नेछ ।

५. कूनै टोल विकास संस्थाको निर्धारित क्षेत्रमा घना वस्ती भई संस्थाले व्यवस्थित र प्रभावकारी रुपमा कार्यक्रम संचालन एवं परिचालन गर्न वाधा पूगेको अवस्थामा उक्त संस्थालाई वढीमा दूइवटा संस्थाहरुमा पून: सिमाना कायम विभाजन गर्न सकिने छ । तर यसरी सिमाना विभाजन गर्नू पुर्व न.पा.र सम्वन्धित वडा समन्वय समितिसग समन्वय गरी विभाजन गर्न सकिनेछ ।

## परिच्छेद ७

**१४.आर्थिक लेखा कार्य व्यवस्था:**

**क. संस्थाको देहाय वमोजिमको आर्थिक श्रोत भएको टोल विकास कोष हूनेछ ।**

१ सदस्यता शूल्क: उक्त सदस्य वापतको शूल्क: लगाउनू अगाडि साधारण सभावाट पारित गराई लिनू पर्ने हून्छ ।

२ सरकारी तथा गैरसरकारी संस्थावाट प्राप्त नि:शर्त सहायता तथा अनूदान ।

संस्थाको क्रियाकलापको शिलशिलामा प्राप्त सेवा प्रदान गरेवापतको रकम ।

१. संस्थाको कोषवाट आर्जित व्याज ।

२. संस्थाले कार्यक्रम संचालन गरी वचाएको रकम ।

३. संस्थाको नामना रहेको चल सम्पत्तिको परिचालनवाट प्राप्त आय रकम ।

४. उप म.न.पा.वाट सहयोग स्वरुप प्राप्त हूने रकम ।

५. टोल विकास संस्था, विभिन्न सामाजिक, सांस्कृतिक तथा भौतिक विकास, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन आदि कार्यका लागि घरधूरीवाट शूल्क उठाउन सक्नेछ।

६. संस्थाले दाता वा सहयोगी निकाय, घरधूरीवाट जून प्रयोजनका लागि प्राप्त भएको रकम हो त्यही विषयमा मात्र खर्च गर्नूपर्नेछ ।

७. टोल विकास कोष निरन्तर वृद्धि हूदै जानेछ ।

८. कोषमा सवै सदस्यहरुको समान अधिकार तथा दावी रहनेछ ।

९. संस्थाको दर्ता खारेजी, विघटन भएमा संस्थाको सामूहिक सम्पत्ति (वचत कोष वाहेक) उप म.न.पा.को हूनेछ तर व्यक्तिगत वचत कोषमा भएका वचत तथा सो वाट आर्थिक आयहरु सदस्यहरुले हिसाव वमोजिम फिर्ता पाउनेछन् ।

**ख.**टोल विकास संस्थाले आर्थिक कारोवारको खाता राख्नूपर्नेछ ।

**ग.**संस्थाको आर्थिक कारोवार दोहोरो लेखा प्रणालीको सिद्धान्त अनूरुप राख्नूपर्नेछ ।

**घ.**संस्थाको वार्षिक लेखापरीक्षण ५ लाख सम्म कोषको लागि संस्थाले आफैले लेखा समिति गठन गरि गर्न सक्नेछ । भने सो भन्दा बढी दर्तावाला लेखा परीक्षकवाट गराउनूपर्नेछ ।

ङ.संस्थाको वार्षिक लेखा परीक्षण गरेको प्रतिवेदन साधारणसभामा प्रस्तूत गर्नूपर्नेछ भने १ प्रति उप म.न.पा. मा पेश गर्नूपर्नेछ ।

**च.**टोल विकास संस्थाको आर्थिक कारोवार वैंक मार्फत गर्नूपर्नेछ । टोल विकास संस्थाको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयूक्त दस्तखतवाट संचालन हूने गरी कोष परिचालन गर्नूपर्नेछ ।

**१५. संस्था व्यवस्थापन:**

१. टोल विकास संस्थाको व्यवस्थापन संस्थाका पदाधिकारीहरुले नै गर्नुपर्नेछ । संस्था आर्थिक रुपले सक्षम भएको अवस्थामा संस्थाका हिसाव किताव पारदर्शि एवं प्रभावकारी रुपमा अघि वढाउनको लागि संस्था भित्रका पदाधिकारीहरुलाई अन्य सूविध हरु प्रदान गरी काम लिन सक्नेछ । तर त्यस्तो सूविधा प्रदान गर्न साधारण सभावाट निर्णय गराई लागू गर्न सक्नेछ ।

२. संस्था सूदृढ हूदै गई संस्था परिचालन गर्न कार्यालयको व्यबस्था,कर्मचारीको व्यबस्थाका लागि कर्मचारीको योग्यता छनौट,नियूक्ति,तलब,भत्ता आदि निर्धारण गर्दा संस्थाको प्रशासनिक नियमावली बनाई साधारण सभाबाटसंस्था सूदृढ हूदै गई संस्था परिचालन गर्न कार्यालयको व्यवस्था, कर्मचारीको व्यवस्थाका लागि कर्मचारीको योग्यता, छनोट, नियूक्ति,भत्ता,तलव निर्धारण आदि निर्धारण गर्दा संस्थाको प्रशासनिक नियमावली वनाई साधारण सभावाट पारित गराई लागु गर्न सक्नेछ । यस्तो अवस्थामा संस्थालाई थप आर्थिक वोझ भने हूनूहूदैन ।

## परिच्छेद ८

**१६. वचतकोष परिचालन निति:**

परस्पर सहयोग, सद्भाव र सहयोगमा स्थानीय रुपमा उपलव्ध सीप , श्रोत र साधनको अवसरहरुलाई अधिक्तम परिचालन गरी विभिन्न उद्यमहरुको श्रृजना गरेर आर्थिक विकास गरी समूदायको जीवनस्तर उकास्न आर्थिक रुपमा सक्षम र स्वावलम्वी वन्ने प्रयासमा अगाडि वढ्न विभिन्न किसिमका शीर्षकमा हूने फजूल खर्च घटाई वचत गर्ने वानीको विकास गर्न स्थानीय स्तरमै टोल वचत कोष निर्माण भएको छ । यसरी थोपा थोपा गरी वचत गरेको रकम उचित ठाउंमा समूदायको आर्थिक सशक्तिकरण गर्ने कार्यहरुमा परिचालन तथा लगानी गरी व्यवस्थित र पारदर्शी हिसाव किताव राख्न वान्छनिय देखिएकोले वचतकोष परिचालन नीति वनाइएको छ ।

**१७. उद्देश्य:**

१. वचत गर्ने वानीको विकास गर्ने ,
२. वचत गर्न प्रेरित गर्ने ।
३. वचतकोषवाट संस्थाका सदस्यहरुलाई लघू उद्यम/व्यवसाय सामूहिक उद्यम कार्यक्रम संचालन गर्न लघू ऋण लगानी गर्ने,
४. स्थानीय स्तरमै आर्थिक रुपमा सक्षम वनाउने प्रयास गरी आर्थिक परनिर्भरता घटाउने ।
५. विभिन्न आर्थिक उद्यमहरु तथा क्रियाकलापको सृजना गरी आय वृद्धि गर्ने तर्फ कार्यक्रम संचालन गरी समूदायको गरिवी न्यूनिकरण गर्ने तर्फ पहल गर्ने ।
६. समूदायका सदस्यहरु विच आत्मियता वृद्धि गर्दे सहभागिता जूटाउने ।

**१८. वचतकोष:**

१. संस्थाको विधान वमोजिम सदस्यता प्राप्त सदस्यले मासिक रुपमा जम्मा गरेको नियमित वचत, संस्थाको वचत कोष हूनेछ ।
२. वचत अनिवार्य अथवा ऐच्छिक हून सक्नेछ ।

३. वचत संकलन गर्दा टोल विकास संस्थामा अति विपन्न वर्गलाई आधारमानी निजले जम्मा गर्न सक्ने शूल्कलाई आधार मानि अरु सदस्यवाट संकलन गर्नुपर्छ । पछि वचत दर वृद्धि गर्न सकिनेछ ।

४. वचत गर्ने सदस्यले प्रत्येक महिना संस्थाले तोके वमोजिमको समयमा बूझाउनूपर्नेछ ।

५. नियमित वचत प्रत्येक महिना संस्थाले तोकिएको मिति मा नवूझाएमा संस्थाको निर्णय अनूसार हर्जाना सहित अर्को महिनाको नियमित मासिक वैठकमा बूझाउनूपर्नेछ । अर्को महिना पनि बूझाउन नआएमा संस्थाको निर्णय अनसार थप हर्जाना लाग्नेछ ।

६. विना जानकारी र मनासिव माफिकको कारण नभै लगातार ३ महिना सम्म वचत संकलन नगरे सस्थाको निर्णय वमोजिम वचत सदस्यवाट सदस्यता खारेज हून सक्छ ।

७. टोल वचत कोषको आर्थिक कारोवार गर्दा वैक मार्फत गर्नूपर्नेछ ।

८. वचतकोषमा वचत जम्मा गर्ने सदस्यहरु मध्ये कूनै सदस्यले संस्था छाडेमा संस्थाको निर्णयानूसार व्याज रकमवाट निश्चित प्रतिशत रकम कट्टी गरी वाकी रकम फिर्ता हूनेछ ।

९. वचतकोषमा सदस्य थप हून चाहेमा संस्थाको अन्य सदस्य सरह हूनको लागि संस्थाको निर्णयानूसार थप प्रवेश शूल्क लिई प्रति सदस्य हून आएको वचत रकम जम्मा गर्न लगाई सदस्य वनाउन सकिनेछ । यदि सो सरह वचत जम्मा गर्न नसक्ने अवस्था आएमा ऋण दिलाई अथवा नयां वचत कोष शूरुवात गराउन पनि सकिनेछ ।

१०. वचतकोषमा वचत जम्मा गर्ने सदस्यहरुका लागि संस्थाको निर्णय वमोजिम आम्दानीवाट खर्च कटाई वांकी रहन आएको रकमवाट कम्तीमा ५ प्रतिशत रकम टोल विकास कोषमा राखी वाकी नाफा वितरण गर्ने सक्नेछ ।

११. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले पास गरेको कार्ययोजनामा अर्न्तगत सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक पूर्वाधार, फोहरमैला व्यवस्थापन , शिक्षा , जनस्वास्थ्य, वातावरण संरक्षण आदि कार्यमा खर्च गर्न सकिनेछ ।

१२. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले अनूमोदन गरेमा अन्य टोल विकास संस्था संग सम्झौता गरी निश्चित समयको लागि वडा भित्रका अन्य टोल विकास सस्थालाई ऋण लगानी गर्न सक्नेछ ।

१३. टोल विकास कोषमा ऋण लगानीका लागि कोष अपूग भएमा संस्थाले निर्णय गरी छिमेकी टोल विकास संस्था, सहकारी,वा वित्तीय संस्थावाट आवश्यक भएजति ऋण लिन सक्नेछ ।

१४. यसरी ऋणको लागि रकम माग गर्दा आफ्नो संस्थावाट लिने गरेको व्याजदर भन्दा वढि हूनूहूदैन ।

१५. टोल विकास संस्थावाट कूनै सदस्य स्व-इच्छाले निस्केमा वा संस्थाले कारवाही गरी निष्कासीत गरेमा वा जून सूकै अवस्थावाट संस्था छाडेमा कोष प्रति दावि रहनेछैन । निजले जम्मा गरेको वचत र संस्थाले तोके वमोजिमको व्याज रकम मात्र फिर्ता पाउनेछ । तर संस्था विघटन हूने अवस्था आएर संस्था विघटन भएको खण्डमा विघटन हूंदा सम्म संस्थाको सदस्य भई संस्थामा वस्ने सदस्यको कोषमा दावि रहनेछ ।

१६. संस्थाको कोषको संरक्षण, लेखा तथा कारोवारको मूख्य जिम्मेवार व्यक्ति कोषाध्यक्ष हूनेछ ।

१७. संस्थाको निर्णय विना संस्था कूनैपनि पदाधिकारीहरुले आफ्नो मनोमानीले आर्थिक कारोवार गर्न पाउने छैन ।

१८. कोषको आम्दानी खर्च प्रत्येक महिनाको नियमित वैठकमा कोषाध्यक्षले विवरण पेश गर्नुपर्नेछ । संस्थाको वार्षिक हिसाव विवरण वडा स्तरीय टोल विकास संस्था समन्वय समिति र उप म.न.पा.मा पेश गर्नुपर्नेछ ।

१९. संस्थाको आर्थिक वर्ष श्रावणवाट शुरु भई आषाढ मसान्त सम्म हूनेछ वा संस्थाले तोके वमोजिम हूनेछ ।

२०. संस्थाको कोष परिचालनका सर्न्दभमा वडा कार्यालय, वडा स्तरीय टोल विकास संस्था समन्वय समिति तथा उप म.न.पा.वाट प्राप्त सूझाव तथा सल्लाहलाई मार्ग निर्देशन वनाउनूपर्छ ।

२१. संस्थाको आर्थिक हिसाव किताव प्रचलित ऐन, नियम वमोजिम राख्नूपर्ने र परिचालन गर्नुपर्ने हूनेछ ।

२२. संस्थाको नयां सदस्य वन्न वा सदस्यवाट निस्कन चाहेमा संस्थाको नीतिगत निर्णयमा व्यवस्था भए अनूरुप हूनेछ ।

**१९. वहि खाता:**

**टोल विकास संस्थाले वचत कोष परिचालनका लागि देहाय वमोजिमको खाता राख्नूपर्नेछ:**

१. वैठक निर्णय पूस्तिका
२. वचत पास बूक
३. गोश्वारा भौचर
४. व्यक्तिगत वचत खाता
५. व्यक्तिगत ऋण खाता
६. ऋण आवेदन फारम
७. तमसूक
८. असूली रसिद
९. मूख्य खाता
१०. नगदी भरपाई
११. सन्तूलन परीक्षण खाता
१२. मासिक प्रतिवेदन ,आदि

**२०. ऋण लगानी तथा असूली प्रकृया:**

वचत कोषवाट ऋण लगानी गर्दा देहाय वमोजिम गरिनेछ:

१. वचतकोष वाट ऋण लगानी गर्दा देहाय वमोजिमको प्राथमिकता निर्धारण गरिएको छ:
   १. प्राकृतिक प्रकोप/औषधी उपचार
   २. आय मूलक काम
   ३. घरव्यवहार
   ४. अन्य

२. वचत कोषवाट ऋण लिन चाहने सदस्यहरुले कून उद्देश्यको लागि कति ऋण रकम चाहिएको हो सो कूरा उल्लेख गरी संस्थामा निवेदन दिनूपर्नेछ ।

३. संस्थाले ऋण लगानी गर्दा निवेदन दस्तूर, सेवा शूल्कको दर संस्थाले निर्णय गरेवमोजिमको हूनेछ ।

४. संस्थामा प्राप्त भएको ऋणको मागको निवेदन उपर छलफल गरी प्राथमिकताक्रम निर्धारण गरी संस्थामा रहेको कोषलाई मध्येनजर गर्दे ऋण लगानी गर्नेछ ।
५. संस्थाले ऋण लगानी तथा असूली व्यवस्थालाई प्रभावकारी वनाउन ऋण लगानी तथा असूली उपसमिति गठन गरी व्यवस्थित गर्न सकिने छ ।
६. संस्थाले ऋण लगानी गर्दा चलन चल्तीको व्याजदरलाई आधार मानी संस्थाले निर्णय गरे वमोजिमको हूनेछ ।
७. ऋण असूलीको भाखा/अवधि र किस्ता (एकमूष्ठ वा मासिक) संस्थाले तोके वमोजिमको हूनेछ ।
८. संस्थावाट ऋण लिएको सदस्यले भाखा अवधि भित्र ऋण चूक्ता नगरेमा संस्थाको निर्णय वमोजिम हर्जाना/जरिवाना लिई ऋण असूली गर्नेछ ।
९. संस्थावाट ऋण लगानी गर्दा वचत सदस्य वाहेकका व्यक्तिलाई लगानी गरिने छैन ।
१०. ऋण लिने व्यक्तिले भाखा अवधि भित्र ऋण चूक्ता नगरी अवधि नाघी सकेपछि पनि पटक पटक जानकारी गराउंदा आल टाल गरेमा एक पटक संस्थाले लिखित जानकारी दिनेछ र त्यस पछि पनि ऋण चूक्ता नगरेमा निजको चल अचल सम्पत्तिवाट असूल उपर गरिने छ ।
११. ऋण चूक्ता गर्न पटक पटक ताकेता गर्दा पनि नतिर्ने भएमा संस्थाले संस्थागत निर्णय गरी वडा समिति, उप म.न.पा.मा निजको सेवा सूविधा तथा सिफारिस रोक्का राख्नका लागि अनूरोध गरिनेछ ।
१२. वचत कोष परिचालन सम्वन्धी आवश्यक नीति, नियम, व्याजदर, लगानीको सीमा, निवेदन दस्तूर, सेवा शूल्क, हर्जाना भूक्तानी आदिको वारेमा निर्णय साधारण सभावाट गराउनूपर्नेछ
१३. साधारणसभावाट पारित भएको मितिवाट मात्र उक्त नियमहरु लागु हूनेछ ।

## परिच्छेद ९

**२१.विविध:**

**क. राजीनामा:**

१. संस्थाका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।
२. अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत कार्य समितिमा पेश गर्नूपर्नेछ र सो उपर समितिले निर्णय गरे वमोजिम हूनेछ ।
३. समितिका अध्यक्षले राजीनामा दिंदा निजको कार्यकाल २ वर्ष पूरा भएमा अधिवेशनवाट नयां कार्यसमिति गठन गरिनेछ भने यदि कार्यकाल ६ महिना भन्दा कम भएमा उपाध्यक्षले कार्यावहाक अध्यक्ष भई काम गर्नेछ र सोको समयावधि पूगेपछि विद्यान अनूसार नयां कार्यसमिति चयन गरिनेछ ।

**ख. अविश्वासको प्रस्ताव:**

१. संस्थाका सदस्य उपर संस्थाको कम्तीमा एक तिहाई सदस्यहरुले लिखीत रुपमा स्पष्टिकरण सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नूपर्नेछ । अविश्वासको प्रस्ताव साधारणसभामा पेश भई छलफल गर्नूपर्छ । प्रस्ताव उपर निर्णय गर्दा बहूमतलाई भन्दा सर्व सम्मतलाई वढी जोड दिइनेछ ।
२. जून पदाधिकारी प्रति अविश्वासको प्रस्ताव ल्याईएको हो सो व्यक्तिले साधारण सभामा आफ्नो स्पष्टिकरण पेश गर्न पाउनूपर्नेछ ।

**ग. विधानको संशोधन:**

१. यो विधान संशोधन गर्नू पर्ने देखिएमा टोल विकास संस्थाले संशोधन प्रस्ताव साधारणसभामा पेश गरी सो सभाको छलफलवाट बूंदागतरुपमा वडा तथा नगर स्तरिय टोल विकास संस्था समन्वय समितिमा पेश गरी सो समन्वय समितिमा छलफल गरी उप-महानगरपालिकामा पेश गर्न सक्नेछ ।

२. विधान संशोधन गर्दा जून विषयमा वा नियममा संशोधन गर्नूपर्ने आवश्यक ठानेमा उप म.न.पा.वाट संशोधन गर्न सकिनेछ ।

३. यो विधानको व्याख्या गर्ने अधिकार उप-महानगरपालिकामा निहीत रहनेछ ।

४. संस्थाको उद्देश्य पुर्तिका लागि विविध क्रियाकलाप सँचालन गर्न विभिन्न उपसमितिहरु गठन/कार्यमूलक समूहहरु गठन गर्नूपरेमा विधानको कारणले वाधा पूऱ्याएको मानिने छैन ।

**घ.सम्पत्ति तथा दायित्व:**

प्रचलित नियम, कानुन, विधानमा व्यवस्था भए अनूसार टोल विकास संस्थाको आफ्नो नाममा रहेको व्यक्ति सरह भोग चलन गर्न मात्र पाउनेछ । संस्था विघटन भएमा संस्थाको पहिलो कर्तव्य दायित्व भूक्तान गर्नू रहेको हून्छ भने तत् पश्चात संस्थाको सम्पत्ति स्वत: उप-महानगरपालिकाको स्वामित्वमा आउने छ ।

**ङ.अन्य:**

यस विधानमा लेखे जति हकमा यसै वमोजिम लागू हूनेछ । कतिपय विषयमा विधान संग नवाभिने गरी संस्थाको साधारण सभावाट नीति, नियमहरु वनाई लागू गर्न पनि सकिनेछ ।

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उप-महानगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन तथा नियमावली २०७६, नगरसभाको निर्णय र कार्यपालिका वोर्ड निर्णयमा संग बाभिने गरि टोल विकास संस्थाबाट भएका र भविष्यमा हूने तेस्ता निणर्यहरु स्वतह खारेज हूने छन ।

२. माथि उल्लेख भए वमोजिम वाहेकका अन्यको हकमा प्रचलित ऐन, कानुन, परिपत्र निर्देशन वमोजिम हूनेछ ।

३. प्रचलित नेपालको ऐन नियमहरु संग वाभिएको वूंदाहरु वांभिएको हदसम्म स्वत: खारेज हूनेछ ।

अनुसुची २

(टोल संस्था दर्ता प्रमाण पत्रको नमुना)

"सवल आर्थिक केन्द्र समुन्नत बुटवल"

बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

## प्रमाण पत्र

बुटवल उप महानगरपालिका वडा नं.........मा मिति ......................मा गठन भएको ..............................टोल विकास संस्थाालाई यस कार्यालयमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

बुटवल उप महानगरपालिकाको आर्थिक सामजीक भौतिक पुर्वाधार शहरी सुशासन तथा मानव संसाधन विकासमायस टोल विकास संसथाको सक्रिय सहभागिताको अपेक्षाको साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

शाखा प्रमुख
समाजीक परिचालन तथा
गै.स.स.समन्वय शाखा

प्रमुख प्रशासकीय अधिकृत

मिति : .....................

**आज्ञाले**
**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०७६/१०/२४